आज मिति २०६६ साल भाद्र ३० गतेका दिन स्थानीय राजस्व परामर्श समितिका संयोजक श्री किरण देवी गुप्ताज्यूको अध्यक्षतामा समितिको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो।

## उपस्थिति

(१) श्री किरण देवी गुप्ता — संयोजक

(२) श्री सालमा खातुन — सदस्य

(३) श्री सुकदेव राउत अहिर — "

(४) श्री मोहन प्रसाद चौरासिया — सदस्य-सचिव

(५) श्री सुजित कुमार साह — सदस्य

## आमन्त्रित

श्री धनञ्जय कुमार दास — सह लेखापाल

श्री

## प्रस्तावहरु

(१) कर दररेट निर्धारण सम्बन्धमा

(२) विविध

## निर्णय:

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बिन्दुबासिनी गाउँपालिकाको लागि आ.व. २०६५/०६६ को राजस्व कर, गैर कर, करका क्षेत्र र सम्भाव्यता अध्ययन गरी आ.व. २०६६/०६७ का लागि दस्तुरको दररेट निम्न अनुसार उपयुक्त देखिएकोले उक्त दररेट विवरण कार्यपालिका समक्ष पेश गर्ने निर्णय गरियो।

# राजस्व परामर्श समितिको प्रतिवेदन

**१. पृष्ठभुमि :**

नेपालको संविधानको अनुसूची ८ का विभिन्न अधिकारहरुमध्ये स्थानीय कर लगाउन पाउने अधिकार प्रयोग गर्न पाउने अधिकारको व्यवहारत कार्यान्वयन तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ को प्रावधान अनुसार स्थानीय तहको बार्षिक बजेट तयार गर्ने यस गाउँपालिकाको राजस्व परामर्श हुने प्रावधान वमोजिम यो समितिको गठन भएको हो । यस समितिले बिन्दबासिनी गाउँपालिकाले स्थानीय स्तरमा उठाउन सक्ने राजस्वको क्षेत्र, दर तथा राजस्व सम्वन्धी नीति तथा कानून तर्जुमा गर्ने जस्ता काम गर्नेछ ।

**२. उदेश्य :**

यस राजस्व परामर्श समिति गठन हुनका उद्देश्यहरु, यस समितिका काम, कर्तव्य र अधिकारीहरु देहाय वमोजिम छन ।

क. राजस्व सम्वन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सो को परिपालना सम्वन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

ख. राजस्वको श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,

ग. राजस्वको दर र क्षेत्र समायतको आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने ।

घ. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अबलम्बन गर्न परामर्श दिने

ङ. कर राजस्व, गैर कर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरि सिफारिस गर्ने ।

च. राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने ।

३. राजश्व परामर्श समितिले सिफारिस गरेका श्रोत, दर तथा दायरा

बिन्दवासिनी गाउँपालिकाको यस राजश्व परामर्श समितिले सिफारिस गरेका कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क तथा दस्तुर आदिको विवरण देहाय अनुसार छ ।

१. घरवहाल कर : आफ्नो क्षेत्र भित्रको कुनै निजी व्यक्तिलाई घर, पसल, ग्यारेज, गोदाम, टहरा,सेड, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहाल कर लिने । तथा कुनै पनि सार्वजनिक संस्था, सरकारी कार्यालय र निजी बैंक र सहकारी आदिलाई घर, कोठा वहालमा दिएमा सम्झौता भए वापतको १२ प्रतिशत घरवहाल कर लिने ।

२. मनोरञ्जन कर : प्रदेश सरकारले तोके बमोजिम हुने ।

३. सम्पति मुल्यांकन दस्तुर : सम्पति मूल्यांकन दस्तुर मुल्यांकन कायम हुन आएको मुल्यको ०.१ प्रतिशतका दरले लिने ।

४. घर निर्माण नक्सापास दस्तुर : घर निर्माण नक्सापास दस्तुर निम्न बमोजिम लिने ।

क) निवेदन फाराम रु. १००।- लिने-

ख) ढलान गरी निर्माण गरिने घरलाई प्रतिवर्गफिट रु. २.०० , ढलान नगरी निर्माण घरलाई प्रतिवर्गफिट रु. १.०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रु. ०.५०।- नक्सा पास दस्तुर लिने ।

ग) नक्सा नामसारी तथा नवीकरण वापत प्रत्येक पटकको लागि रु.२००।- दस्तुर लिने

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. १००।- दस्तुर लिने ।

ङ) नक्सापास सम्वन्धी नक्सापास प्रमाणपत्रको रु. २००।- र पास भएको नक्साको रु. ३००।- दस्तुर लिई प्रतिलिपी दिने ।

च) घर निर्माणको हकमा भुई तल्ला रु. २।- प्रति स्कवायर फिट, पहिलो तल्ला रु. २.५०।- प्रति स्कवायर फिट, तेस्रो तल्ला रु. ३.५०।- प्रति स्कवायर फिट नक्सा पास शुल्क लिइनेछ ।

तल पक्की र माथि जस्ताको छाना भएको घरको हकमा सरदर रु. १०००।- र परालको घरको हकमा रु. ३००।- शुल्क लिने

५. चार किल्ला प्रमाणित दस्तुर : चारकिल्ला प्रमाणित सिफारिस दिदा प्रति किता निम्न बमोजिम क्षेत्रफल भएको जग्गाहरुमा निम्न बमोजिमको सेवा शुल्क लिने ।

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | आधा रोपनी सम्मको जग्गाको | ५०।- |
| २ | एक रोपनी सम्मको जग्गाको | ६०।- |
| ३ | एक रोपनी भन्दा बढी ५ रोपनी सम्मका | १००।- |
| ४ | ५ रोपनी भन्दा बढी १० रोपनी सम्मका | १५०।- |
| ५ | १० रोपनी भन्दा बढी जतिसुकै भएपनि | ३००।- |

६. निवेदन दस्तुर : कुनै पनि निवेदनहरुमा निवेदन दस्तुर लिइने छैन ।

७. यस गाउँपालिकामा कर, दस्तुर, महशुल आदी बुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु. ५०।- लिई अर्को प्रतिलिती प्रमाणपत्र दिईनेछ ।

८. सेवा शुल्क तथा सिफारिस दस्तुर : गाउँपालिकावाट उपलब्ध गराउने सिफारिसहरुको निम्न वमोजिम निवेदन फाराम दस्तुर र सिफारिस दस्तुर लिने ।

| सिफारिस दस्तुर | | | | |
|---|---|---|---|---|
| १ | अंग्रेजीमा गरीने सिफारिस | | प्रति १५० | |
| नेपालीमा गरिने निम्न अनुसारका दस्तुरहरु | | | | |
| १ | नागरिकता सिफारिस | | ० | |
| २ | नागरिकता प्रतिलिपी सिफारिस | | प्रति ५० | |
| ३ | नाता प्रमाणित | | प्रति २० | |
| ४ | नाता कायम | | प्रति २० | |
| ५ | पारिवारिक विवरण | | प्रति २० | |
| ६ | वसोवास प्रमाणित | | प्रति २० | |
| ७ | नावालक सिफारिस | | प्रति २० | |
| ८ | जन्म मिति प्रमाणित | | प्रति ५० | |
| ९ | वैवाहीक सम्वन्ध प्रमाणित | | प्रति ५० | |
| १० | अविवाहीत प्रमाणित | | प्रति ५० | |
| ११ | व्यक्तिगत तथा चरित्रिक प्रमाणित | | प्रति १२५ | |
| १२ | सम्वन्ध विच्छेद प्रमाणित | | प्रति २०० | |
| १३ | खानेपानी, विधुत मिटर, टेलिफोन जडान, नामसारी, ठाउँ सारी र आवासिय | | प्रति १०० | |
| १४ | व्यवसायिक सिफारिस | | प्रति ३०० | |
| १५ | प्रति रुख कटान सिफारिस | | प्रति १०० | |
| १६ | घरेलु तथा साना उद्योगको सर्जमिन तथा सिफारिस | | प्रति १००० | |
| १७ | मझौला उद्योग सिफारिस | | प्रति २००० | |
| १८ | व्यवसाय बन्द तथा नाम परिवर्तन | | प्रति ५०० | |
| १९ | मदिरा व्यवसाय सिफारिस खुद्रा | | प्रति ३००० | |
| २० | मदिरा व्यवसाय सिफारिस थोक | | प्रति ५००० | |
| २१ | वडा सर्जमिन र सिफारिस | | प्रति १०० | |
| २२ | होटल दर्ताको सिफारिस | | प्रति ११०० | |
| २३ | माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिसहरु | | प्रति १५० | |

नोट : १) योजनाहरु, छात्रवृति, आर्थिक सहायता, नि:शुल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।
२) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन संगनबाझिने गरि कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

९. भुमि कर (मालपोत) : अर्को कानून नबनेसम्म १० रोपनी सम्म बार्षिक रु. २०।-, १० रोपनी देखि २० रोपनी सम्म वार्षिक रु. ५०।-, २० रोपनी देखि ३० रोपनी सम्म वार्षिक रु. १००।-, ३० रोपनी देखि ५० रोपनी सम्म वार्षिक रु. २५०।-, ५० रोपनी देखी १०० रोपनी सम्म वार्षिक रु. ५००।- र १०० रोपनी भन्दा माथि बार्षिक रु. १०००।-

१०. सवारी साधन कर : तपसिल वाहेक अन्यको हकमा प्रदेश सरकारले तोके बमोजिम हुने ।
क) बार्षिक सवारी कर निम्न अनुसार लिने ।

| सि.नं. | विवरण | बार्षिक रु. |
|---|---|---|
| १ | टाँगा | १२०० |
| २ | रिक्सा | ५०० |
| ३ | अटो तथा इ-रिक्सा | १५०० |

(ख) पटके सवारीकर निम्न अनुसार लिंने ।
(ख१) यस गाउँपालिकामा प्रवेशको लागि बाटो निर्माण तथा संभार गर्नका लागि चालु आ.व. २०७५/७६ देखि देहाय अनुसार पटके सवारी कर लिने ।
(ख१.१) बस, ट्रक, टैक्टर आदिमा रु. २५।-, टिपर, जे.सी.वी. स्काईभेटर रु. ५०।-
(ख१.२) अन्य सवारीमा रु. १५।-
(ख१.३) यस गाउँपालिकामा सवारी वार्षिक कर तिरेको सवारीमा र मोटरसाईकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिने छैन ।

११. पार्किङ्ग शुल्क : शुल्क निम्न अनुसार लिईनेछ ।
(क) गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको जस्ता गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक आदिमा एक पटकमा रु. १०।- पार्किङ्ग शुल्क लिने छ ।
(ख) कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग अवस्था वाहेक गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु. ५।- पार्किङ्ग शुल्क लिनेछ । यस्तो शुल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ । व्यवस्थित हुन्जेसम्म छुट गर्ने ।

१२. एकिकृत सम्पतिकर :

एकिकृत सम्पतिकर सम्वन्धमा एकिकृतकर व्यवस्थापन निर्देशिका, २०६१ (दोस्रो संशोधन) वमोजिम निर्धाण गरिएको न्यूनतम दरमा नघटने गरी स्वयमकर निर्धारणको आधारमा मूल्यांकन गरी साविक वमोजिम एकिकृत सम्पतिकर लिने ।

१३. व्यवसाय कर : व्यवसाय कर मासिक रुपमा निम्न अनुसार लिनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रु) | ख (रु) | ग (रु) |
| १ | होटल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटललाई (क)<br>ड्ड लज मात्र भएको लजलाई (ख)<br>ड्ड साधारण खाना,नास्ता, लज भएकोलाई (ख)<br>ड्ड रेष्टुरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटल, रेष्टुरेन्टको रु. २०००।- | ८०० | ६०० | ५०० |
| २ | मासू पसल<br>ड्ड रांगाको समेत सवै प्रकारका मासु मात्र बेच्नेलाई (क)<br>ड्ड खसी र कुखूरा बेच्नेलाई (क)<br>ड्ड रांगा वाहेक खसी बोका सहितको मासू बेच्नेलाई (ख)<br>• रांगा खसी, बोका वाहेको मासू मात्र बेच्नेलाई (ग) | ६००<br>– | ४०० | ३०० |
| ३. | मदिरा पसल<br>ड्ड ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | १००० | ५०० | |
| ४ | कोल्ड्रिक्स पसल | २०० | | |
| ५ | सून चाँदी गहना पसल<br>ड्ड आफनै सून चाँदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरुको सून चाँदी लिई बनाउनेलाई (ख) | १००० | ८०० | |
| ६. | रेडियो/मोबाईल विक्री तथा मर्मत | १००० | | |
| ७. | संचार सेवा | २५० | | |
| ८. | घडि विक्री तथा मर्मत | ३०० | | |
| ९ | केवल टि.भी. सेवा | १५०० | | |
| १० | फोटो स्टूडियो<br>ड्ड जुत्ता सिलाई र बेच्नेलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | ६०० | ४०० | |
| ११ | हजाम | २५० | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | टेलरिङ्ग | ४०० | | |
| १३ | ड्ड जूता सिलाई र बेच्नेलाई (क)<br>• जुता मर्मत मात्र गर्नेलाई (ख) | ४०० | १५० | |
| १४ | मोटर वर्कशप<br>ड्ड गाडीको वडी बनाउने तथा मर्मत गर्ने (क)<br>ड्ड मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>ड्ड मोटरसाईक मात्र मर्मत गर्नेलाई (ख)<br>ड्ड सम्पूर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>ड्ड सम्पूर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>ड्ड गाडीहरु मर्मत र पार्टस बेच्नेलाई (ख)<br>ड्ड गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>ड्ड मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>ड्ड मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १२०० | ६०० | ४०० |
| १५ | छापाखाना<br>ड्ड अपसेट प्रेसलाई (क)<br>ड्ड साधारण प्रेसलाई (ख) | २००० | १५०० | |
| १६ | स्वाथ्य सेवा<br>ड्ड अस्पालाई (क)<br>ड्ड पोली क्लिनीकलाई (ख)<br>ड्ड थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | २००० | १२०० | ७०० |
| १७ | मेटल वर्कशप | १५०० | | |
| १८ | काष्ठ उद्योग<br>ड्ड काठ चिनारी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदी<br>ड्ड काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदी बनाउनेलाई (क)<br>• कुनै एक मात्र बनाउनेलाई (ख) | १५०० | १००० | |
| १९ | ईटा भटा ईटा डिपो<br>ड्ड ईटा भटालाई (क)<br>• ईट्टा डिपोलाई (ख) | ३००० | २००० | |
| २० | कम्प्यूटर ईन्स्टिच्यूट | २०० | | |
| २१ | दाउरा डिपो | २०० | | |
| २२ | पान पसल | २०० | | |
| २३ | बेकरी उधोग र बेकरी पसल<br>ड्ड उधोगलाई (क)<br>• पसललाई (ख) | १००० | ५०० | |
| २४ | तरकारी र फलफूल पसल | ५०० | | |

किशनदेवी

| | | | | |
|---|---|---|---|---|
| २५ | चित्रा पसल | ५०० | | |
| २६ | मिलहरु<br>ड १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई( ख) | २००० | १००० | |
| २७ | डिजल | ३००० | | |
| २८ | साईकल भाडा तथा मर्मत | २०० | | |
| २९ | | | | |
| ३० | कपडा पसल | ५०० | | |
| ३१ | किराना पसल<br>ड थोक सहितको किराना पसल (क)<br>ड पचास हजार भन्दा बढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | १००० | ५०० | ३०० |
| ३२ | खाध पसल<br>ड थोक सहितको किराना पसललाई (क)<br>• खुदा मात्रको खाध पसललाई (ख) | १००० | ५०० | |
| ३३ | भाडा पसल<br>ड धातू तथा प्लाष्किका भाडा तथा सामान बेच्नेलाई (क)<br>• नुवाकोट जिल्लामा उत्पादन भएको माटोको भाडा बाहेक अन्यत्रबाट ल्याएर बिक्री गर्ने माटोको भाडा तथा सामान बेच्नेलाई (ख) | ५०० | १०० | |
| ३४ | चूरा धागो तथा श्रृङ्गारका समान पसल<br>ड थोक सहितको पसललाई (क)<br>ड पचास हजार भन्दा बढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | ५०० | ४०० | २०० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | कूखुरा पालन<br>ड एक हजार भन्दा बढी कूखुरा पाल्नेदाई(क)<br>• एक हजार भन्दा कम कूखुरा पाल्नेलाई(ख) | १००० | ५०० | |
| ३६ | तैयारी पोशाक पसल | ५०० | | |
| ३७ | तैयारी जता पसल | ५०० | | |
| ३८ | दन्त क्लिनिक | ६०० | | |
| ३९ | हाईवेयर पसल | १००० | | |
| ४० | ईलेक्ट्रिक पसल | ५०० | | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | कानूनी फर्म | १००० | | |
| ४२ | साईन बोर्ड पेन्टीङ | ३०० | | |
| ४३ | फर्निचर एण्ड फर्निसिंग | १००० | | |
| ४४ | स्टेशनरी पसल<br>ड्ड खेलकुद सामग्री सहित भएकोलाई(क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | ४०० | २०० | |
| ४५ | जडीबुटी खरिद बिक्री | १५०० | | |
| ४६ | लेखापरीक्षक | १००० | | |
| ४७ | टेलिभिजन पसल | ५०० | | |
| ४८ | अन्य उधोग<br>ड्ड २० लाख भन्दा बढी लगानी भएकाले (क)<br>ड्ड एक लाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोले (ख)<br>• एक लाख पचास हजार भन्दा कम लगानी भएकाले (ग) | ३००० | १५०० | ५०० |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | १००० | | |
| ५० | पशु वधशाला | १००० | | |
| ५१ | अर्न्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | ५००० | | |
| ५२ | वितिय सेवा<br>ड्ड नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैक (क)<br>ड्ड वितिय संस्थाको शाखा कार्यालय (ख)<br>• ऋृण तथा बचत सहकारी संस्था (ग) | ५००० | ३००० | २००० |
| ५३ | निजी स्कुल (२०० भन्दा बढी विधार्थी (क)<br>२०० भन्दा कम बिधार्थी(ख) | २००० | १००० | |
| ५४ | सिनेमा हल<br>ड्ड सिनेमा हललाई (क)<br>• भिडियो हललाई(ख) | १००० | ५०० | |
| ५५ | चस्मा पसल | ३०० | | |
| ५६ | शिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल | ३०० | | |
| ५७ | रेफ्रिजेरेटर मर्मत | ६०० | | |
| ५८ | दुग्ध डिपो/पसल | ५०० | | |
| ५९ | व्युटी पार्लर | ३०० | | |
| ६० | सप्लायर्स | ६०० | | |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने | ४००० | | |
| ६२ | जग्गा बिकाश /हाउजिङ | ५००० | | |
| ६३ | म्यानपावर सेवा | १५०० | | |

| | | | | |
|---|---|---|---|---|
| ६४ | क्याटेरिङ्ग सेवा | ६००० | | |
| ६५ | वितिय कारोवार बाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १००० | | |
| ६६ | मार्वल टायर पसल | १५०० | | |
| ६७ | सवारी साधनको शो रुम<br>• गाडीको शो रुम(क)<br>• मोटरसाईकलको शो रुम(ख)<br>• ट्रैक्टर तथा अन्य मेशनरीको शो रुम (ग) | ५००० | ३००० | २००० |
| ६८ | मथि उल्लेख भएको बाहेक अन्य व्यवशाय, सेवा आदीहरुमा स्थानीय स्वायत्त शासन निमावली,२०५६ को अनुसूची १० को दफा १९ मा तोकिएको हद भित्र रहेर कर असूली गर्ने । | | | |
| ६९ | कृषि सामग्रीको पसल/भेटेनरी सम्बन्धी पसल | ५०० | | |
| ७० | आईस क्रिम पसल | २०० | | |
| ७१ | दाना उधोग | १००० | | |
| ७२ | तारजाली बनाउने उधोग | १००० | | |
| ७३ | कृषि व्यवशाय(बगुल,माछा,गाई,पालन) | ५०० | | |
| ७४ | नीजि कलेज | २००० | | |
| ७५ | ब्लक उधोग | १००० | | |
| ७६ | मिनरल वाटर उधोग | १००० | | |
| ७८ | पानी टयाँकर | ५०० | | |
| ७९ | ग्यास डिपो | १००० | | |
| ८० | कोल्डस्टोर (शितभण्डार) | २००० | | |

नोट :

१) यसमा डिलर,एजेन्ट,डिपो,सव डिलर,आदी बाहेक अन्य पसल, उधोग,व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखी पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ, तर यसमा सवै आईटम मध्ये जून आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२. म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरुबाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवसाय असुल गरिनेछ ।

३. भाडा : यस गाँउपालिकामा रहेको हल प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन रु. ५००।०० भाडा लिई उपलब्ध गराउने ।

४. सार्वजनिक शौचालय : नीजी क्षेत्र संग साझेदारी माध्यमबाट शूल्क निर्धारण गरी संचालन गर्ने

५. विधुत टेलिफोन पोल कर : नेपाल बाहिरबाट प्रसारण भई आएको बिधुत पोलबाट रु५०००। विधुत प्राधिकरण र नेपाल टेलिकमको गाँउपालिकाको क्षेत्र भित्र बिधुत र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रीय प्रसारण पोललाई वार्षिक प्रति पोल रु३,०००।०० र स्थानिय प्रसारणलाई पोललाई वार्षिक रु ५०० ।००

६. जडीबुटी कर : प्रचलित नियमनुसार ।

७. गाउँपालिकाले नक्सा पास गर्दा आवश्यक पर्ने प्रति किताब बापतको शुल्क रु१००० (एक हजार मात्र)

## वार्षिक आयको प्रक्षेपण (अनुमानित)

| क.स | विवरण | रकम |
|---|---|---|
| | व्यवसाय कर | ५००००० |
| | जडिबटी कर | ४०००० |
| | सवारी साधन कर | १७५००० |
| | दण्ड जरिवाना शुल्क | १५०००० |
| | घर धुरि कर | २५०००० |
| | मालपोत शुल्क | ५००००० |
| | सेवा शुल्क,दस्तुर | २००००० |
| | घर, जग्गा,पोखरी बहाल कर | ३००००० |
| | पार्किङ्ग शुल्क | ५०००० |
| | रजिष्ट्रेशन शुल्क(मालपोत बाट) | ४५०००० |
| | नक्सा पास दस्तुर | ५००००० |
| | चार किल्ला प्रमाणित दस्तुर | ६५००० |
| | सम्पति मूल्याकन दस्तुर | ७०००० |
| | सार्वजनिक पोखरी टेन्डर तथा ठेका वापत | ६०००००० |
| | घ वर्ग को ईजाजत पत्र बापत | २००००० |
| | जम्मा | ९२८०००० |

निश्कर्ष तथा सुझाव

गाउपालिकाको स्थानिय आय वृद्धि गर्ने मुख्य स्रोतको रुपमा कर दस्तुर तथा सेवा शुल्कनै रहेका हुन्छन । यस गाउपालिकाको आय वृद्धि गर्ने तथा राजश्वको परिचालन वृद्धि गर्नेको लागि देहाय बमोजिमका सुझावहरु प्रस्तुत गदर्छौ ।

क. राजश्वका दरहरु न्यून गर्दै दायरा बढाउनु पर्ने ।

ख. राजश्वका थप क्षेत्रहरु पहिचान गर्ने सम्भाव्यता अध्ययन गर्ने ।

ग. राजश्व चुहावट नियन्त्रण गर्ने तथा कर प्रशासनलाई व्यवस्थित गर्ने क्रमश : आधारहरु तयार ।

समिति बाट आ.व २०७६।०७७ मा बार्षिक आय प्रक्षेपण (अनुमानित) रकम रु९४००००० ( न्ब्बे लाख मात्र) प्राप्त गर्ने र सो को जानकारी स्रोत अनुमान तथां बजेट सीमा निर्धारण मिति लाई दिने निर्णय गरियो ।